कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, सल्यान

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2076@gmail.com
Website: www.adosalyan.gov.np

प. सं. २०८०/०८१
च.नं.

प्रथम पटक सूचना प्रकाशन मितिः- २०८०/०५/१९

## आलुको बीउ मागका लागि आबेदन पेश गर्ने सम्बन्धि सूचना ।

कृषि विकास कार्यालय, सल्यानको आ. व. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **"शरदकालिन आलुको उन्नत बीउ वितरण कार्यक्रम"** अन्तर्गत शारदा नगरपालिका, बनगाडकुपिण्डे नगरपालिका, छत्रेश्वरी गाउँपालिका, सिद्धकुमाख गाउँपालिका र कुमाख गाउँपालिका का ब्यवसायिक कृषकहरुको लागि आलु बीउ ५० प्रतिशत मूल्य अनुदानमा वितरण गर्ने कार्यक्रम भएको हुदाँ उल्लेखित स्थानका कृषक समूह, कृषि सहकारी, र निजि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले १० (दश) दिन (मिति २०८०/०५/२८ गतेका दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र **कृषि विकास कार्यालय, सल्यानमा** तपसिल अनुसारका कागजात सहित आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website: www.adosalyan.gov.np* हेर्न वा कृषि विकास कार्यालय सल्यानको टेलिफोन नं. ०८८५२०१३० सम्पर्क गर्न सकिने छ ।

**आवश्यक कागजातहरु:**

१. आलु मागको निवेदन ।

२. कृषक समूह, कृषि सहकारी र निजि फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

३. कृषक समूह, कृषि सहकारीहरुको (कुन सदस्यलाई कति आलु बीउ लगाउने हो सो स्पष्ट खुल्ने) निर्णय प्रतिलिपि ।

४. कृषक समूह, कृषि सहकारी र निजि फर्महरुको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

रेशम कुमार बस्नेत
निमित्त प्रमुख